मितिः २०८३/०३/०७

समयः दिनको २.०० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसी देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष, वडा नं ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | कल्पना |
| १५ | श्री हम्जुला राई वि.क. | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्बिका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | Ambika |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री गणेश प्रसाद अर्याल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

## आमन्त्रित कर्मचारीः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कञ्चन खनाल | प्राविधिक शाखा प्रमुख | |
| २ | श्री सुनिल आचार्य | वरिष्ठ शाखा अधिकृत | |
| ३ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | |
| ४ | श्री कोपिला सापकोटा | शाखा अधिकृत | |
| ५ | श्री विजय लुईटेल | लेखा अधिकृत | |
| ६ | श्री प्रदिप लामिछाने | अधिकृत छैटौं | |
| ७ | श्री रोशन पोखरेल | सहायक कम्प्युटर अधिकृत | |
| ८ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | |
| ९ | श्री सन्दिप गिरि | इन्जिनियर | |
| १० | श्री बिता घिमिरे | शाखा अधिकृत | |
| ११ | कुशल तिवारि | ईन्जिनियर | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |

### प्रस्तावः-

१. आ.व. ०८३/०८४ को वार्षिक नीति, कार्यक्रम सम्बन्धमा

२. आर्थिक ऐन, २०८३ र विनियोजन विधेयक, २०८३ सम्बन्धमा

३. ऐन, कानून पारित गर्ने सम्बन्धमा

३. विविध

निर्णयहरू:

निर्णय नं. १

मिति २०८३/०२/३१ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं २

आ.व. ०८३/०८४ को लागि विषयगत शाखाबाट प्रस्ताव भई पेश भएको संलग्न वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी विनियोजन ऐन, २०८३ उपर छलफल गरियो ।

निर्णय नं ३

यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित संघसंस्थाहरुबाट निम्न कार्यक्रम सञ्चालन गर्नको लागि बजेट माग गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित कार्यहरु गर्नको लागि निम्न शीर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रमहरु सञ्चालन तथा सामाग्रीहरु खरिद गरी उपलब्ध गराउने निर्णय गरियो। तपसिल

सामाग्री माग तर्फ

| सि.नं | निवेदकको नाम | कार्यक्रम/माग | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | खुल्ला व्यायम तथा पार्क व्यवस्थापन समिति वडा नं ६ | फस्कु चोकमा पार्क निर्माण | स्वीकृत माग फारम/लागत अनुमान अनुसार | विविध खर्च |
| २ | पाँचधारा मूल संरक्षण तथा खानेपानी उपभोक्ता समिति वडा नं ३ | २० एच.पी सबमर्सिबल पम्प | स्वीकृत लागत/माग फारम अनुसार | विविध खर्च |
| ३ | नागार्जुन योग धाम नेपाल वडा नं २ | योग सामाग्रीहरु | स्वीकृत लागत/माग फारम अनुसार | विविध खर्च |

निर्णय नं ४

यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सामुदायिक पशु तथा आक्रमक घाइते कुकुर व्यवस्थापन र मृत पशु व्यवस्थापन कार्यक्रममा राष्ट्रिय युवा समाज तारकेश्वरसँगको मिति २०८२/०५/१६ गतेको सम्झौता अनुसार नगरपालिका क्षेत्र भित्र १ आक्रमक कुकुर, २२ मृत कुकुर, र २३ ठूलो गोरु (जिवित) उद्दार गरिँदा जम्मा रकम रु. ३,०४,०००/- (अक्षरुपी तीन लाख चार हजार) खर्च भएकोमा सम्बन्धित शीर्षकमा जम्मा रकम रु. २,९१,०००/- (अक्षरुपी दुई लाख एकान्नब्बे हजार) मौजुदा रहेको भनि नगरपालिकाको पशुसेवा शाखाबाट पेश हुन आएको हुँदा नपुग रकम रु. १३,०००/- (अक्षरुपी तेह हजार) निज संस्थालाई भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ५

मिति २०८३/०३/०४ गते राजस्व परामर्श समितिबाट पेश भई आएको करका दर र दायराको सन्दर्भमा प्रतिवेदन उपर छलफल गरी आवश्यक सुधार तथा संशोधन गरी नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ६

नागार्जुन नगरपालिकाले नेपालको संविधान, प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानूनद्वारा निर्धारित अधिकार क्षेत्रभित्र रही मात्र कर, शुल्क, दस्तुर तथा अन्य राजस्वका दर निर्धारण एवं संकलन गर्ने व्यवस्था बमोजिम आफ्नो क्षेत्राधिकारभन्दा बाहिर कुनै प्रकारको करारोपण वा राजस्व संकलन नगरेको तथा आगामी दिनमा समेत कानूनी परिधिभित्र रही राजस्व प्रशासन सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्दै उक्त विषयमा स्वघोषणा गर्ने निर्णय गरियो।

निर्णय नं ७

यस नगरपालिकामा उपचारका लागि आर्थिक अवस्था कमजोर भएको र सहयोग उपलब्ध गरिदिनुहुन भनि विभिन्न मितिमा प्राप्त निवेदन तथा वडाको सिफारिस बमोजिम तपसिलमा उल्लेखित व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।तपसिल

| सि.नं | नामथर | रकम | कैफियत |
|---|---|---|---|
| १ | यशोदा कार्की | १०००० | जि.स.स. काठमाडौं सदस्य |

निर्णय नं. ८

यस नगरपालिका अन्तर्गत नगर अस्पताल र स्वास्थ्य संस्थामा कार्यरत तपसिलमा उल्लेखित कर्मचारीहरुले असाधारण विदा पाउँ भनि निवेदन पेश गरेको हुँदा तपसिल बमोजिमको असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं | नामथर | पद | विदा अवधि |
|---|---|---|---|
| १ | डा. शीतल श्रेष्ठ | मे.अ. | मिति २०८३/०४/०१ गते देखि ६ महिनासम्म |
| २ | विधा अर्याल शाही | ज.स्वा.नी. | मिति २०८३/०२/१५ गते देखि २०८४/०२/१४ गतेसम्म |

निर्णय नं ९

नागार्जुन नगरपालिकाको आ.व. २०८३/०८४ को लागि रजिष्ट्रेशन हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनको लागि मालपोत ऐन, २०३४ को दफा ८ (२) तथा मालपोत नियमावली, २०३६ (संशोधन सहित) को नियम ५ (ख) को प्रावधान बमोजिम न्यूनतम मूल्य निर्धारण गरी पठाउनको लागि श्री भूमि प्रशासन कार्यालय, कलंकीको प.सं. २०८२/०८३, च.नं. ७४२४, मिति २०८३/०२/२२ गतेको पत्रबाट लेखि आएकोले यस नगर कार्यपालिकाको आ.व. २०८३/०८४ को लागि संलग्न सूची बमोजिम न्यूनतम मालपोत मूल्यांकन प्रस्ताव गरी श्री भूमि प्रशासन कार्यालय, कलंकीमा पठाउने निर्णय गरियो ।

निर्णय नं १०

नागार्जुन नगरपालिकाको आ.व. २०८२/०८३ को व्यवस्थापन परिक्षण प्रतिवेदन उपर छलफल गरी त्यसमा देखिएका कमिकमजोरीहरूलाई क्रमिक रूपमा सुधार गर्दै लैजाने निर्णय गरियो ।

निर्णय नं ११

आ.व. ०८२/०८३ का संघ तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई आएका समपूरक, विशेष तथा सशर्त अनुदान र नगरपालिकाको आन्तरिक स्रोत तर्फका चालु आ.व. मा सम्पन्न गर्ने गरी बोलपत्र सम्झौता भई निर्माण कार्य सञ्चालनमा रहेका आयोजनाहरुको पेट्रोलियम पदार्थ लगायतमा विश्वव्यापी मूल्य वृद्धि, निर्माण सामाग्री अभावका कारण देखाइ तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न गर्न नसक्ने भनि निर्माण व्यवसायीहरुबाट म्याद थपको लागि अनुरोध भई आएको हूँदा चालु आ.व. को अन्तिम समय सम्म सम्पन्न हुन बाँकी कार्यको दायित्व (संघ, प्रदेश अन्तर्गका आयोजनाहरु समेत) नगरपालिकाकै आन्तरिक स्रोतवाट व्यहोर्ने गरी आगामी असोज मसान्तसम्म म्याद थपका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।